# लोक सेवा आयोगको सूचना

## दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरको सूचना

## *सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना*

**सूचना नं. १ /०७३-७४**

**(गोरखापत्रमा प्रथम पटक प्रकाशित मिति : २०७३/४/३२ )**

लोक सेवा आयोग, दरखास्त व्यवस्थापन केन्द्रले Online बाट दरखास्त लिने व्यवस्था भएकोले आवश्यक पर्ने Sms Service को सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

१. दरभाउपत्र फाराम खरिद गर्न इच्छुक फर्म, उद्योग, कम्पनी, संस्था वा व्यक्तिहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र चालु आ.व. को लागि नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र एवं आ.व. ०७१।७२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखि निवेदन दिई रु ३००।- राजस्व दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस दरखास्त व्यवस्थापन केन्द्र तथा लोक सेवा आयोगको केन्द्रीय कार्यालय, अनामनगरबाट पनि खरिद गर्न सकिने छ ।

२. खरिद गरिएको दरभाउपत्र सूचना, प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२.०० बजेभित्र यस केन्द्रको नाममा सम्बोधन गरि दरभाउपत्र पेश गर्नेको नाम, ठेगाना, र फोन नं. उल्लेख गरि सही छाप गरी लाहाछाप लगाइ सिलबन्दी खामको बाहिर कामको विवरण, ठेक्का नं. समेत उल्लेख गरि यस केन्द्रको प्रशासन शाखामा तोकिएको समयभित्रै दर्ता गराइसक्नुपर्नेछ । सो दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु, दर्ता गर्ने अन्तिम दिनको २.०० बजे दरभाउपत्रदाता वा निजहरुले अख्तियारनामा दिइ पठाएको प्रतिनिधीको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजका प्रतिनिधी उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसायी सम्बन्धी कसुरमा कुनै सजाय नपाएको भनि लिखित रुपमा घोषणा गरेको कागजात दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ ।

४. सिलबन्दी दरभाउपत्र साथ जमानत वापत तपसिलमा उल्लेख गरेबमोजिमको जमानत रकम **कोष तथा लेखा नियन्त्रक कार्यालय (समन्वय कार्यालय), थापाथलीको नाममा नेपाल राष्ट्र बैंक, थापाथलीमा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४ कार्यालय कोड नं. २७-२१०-०३** मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस केन्द्रको नाममा जारी गरिएको सिलबन्दी दरभाउपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरी ७५ दिन अवधि (Validity) रहेको सक्कल बैंक जमानीपत्र (Unconditional Bidbond) संलग्न गरी पेश गर्नुपर्ने छ ।

५. दररेट अक्षर र अंक दुवैमा लेख्नुपर्नेछ । अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६. एस. एम. एस. सेवा Specification एवम् विस्तृत विवरण सिलबन्दी दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनुपर्नेछ । साथै कुनैपनि शर्त राखी पेश गरेको सिलबन्दी दरभाउपत्र मान्य हुनेछैन ।

७. म्याद नाघि आएको वा रीत नपुगेको दरभाउपत्र उपर कुनै कारबाही हुनेछैन ।

८. एक पटक पेश भएको सिलबन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न पाइने छैन । सिलबन्दीका कागजात भित्र प्रत्येक पानामा बोलपत्र दाताले सहिछाप गरेको हुनुपर्नेछ ।

९. सार्वजनिक खरिद ऐन, ०६३, ऐ. नियमावली, ०६४ तथा नेपाल सरकारका अन्य ऐन नियमहरु बमोजिम हुनेछन् ।

१०. दरभाउपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्बजनिक बिदा पर्न गएमा सो कार्यहरु क्रमशः कार्यालय खुलेको अर्को दिन हुनेछ ।

११. दरभाउपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस केन्दमा सुरक्षित रहने छ । दरभाउपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नुपरेमा यस केन्द्रमा आइ बुझ्न सकिनेछ साथै यो सूचना लोक सेवा आयोगको वेवसाइट www.psc.gov.np मा पनि हेर्न सकिनेछ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | दरभाउपत्र सम्बन्धी दस्तुर (रु. मा) | जमानत रकम (रु. मा) |
|---|---|---|---|---|
| १ | १/०७३-७४ | SMS Service | ३००।- | २७३५३।- |

**Website: www.psc.gov.np**